"प्राकृतिक सम्पदा युक्त हराभरा सहर, सम्पुर्ण नगरवासीको एउटै रहर"
परशुराम नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
जोगबुडा, डडेल्धुरा
सुदूरपश्चिम प्रदेश, नेपाल

पत्र संख्या :-२०८२/०८३
चलानी नम्बर :- १३३

मिति २०८२।१०।२०

**विषयः- विषय विशेषज्ञ सूचीकृत सम्बन्धमा ।**

श्री सबै शिक्षकहरु

परशुराम नगरपालिका, डडेल्धुरा ।

प्रस्तुत विषयमा यस नगरपालिकाको "विद्यालय शिक्षा व्यवस्थापन ऐन २०७६" अनुसार यस नगरपालिका अन्तर्गतका सामुदायिक विद्यालयहरुमा रिक्त हुने मावि, निमावि तथा प्रावि तहका सबै प्रकारका दरबन्दीका ( अस्थायी, राहत तथा अनुदान कोटा ) करारमा शिक्षक पदपूर्ति गर्ने प्रयोजनका लागि विषय विशेषज्ञको आवश्यकता परेकोले सम्बन्धित तह र श्रेणीमा कम्तिमा ५ वर्ष अनुभव प्राप्त गरेका कार्यरत तथा सेवा निवृत स्थायी शिक्षकहरुबाट तपसिल बमोजिमको आवश्यक कागजात सहित यो सूचना प्रकाशित भएको मितिले १० दिन भित्र यस कार्यालयमा दरखास्त बुझाउनहुन सम्बन्धित सबैको लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपसिल

१. पद : विषय विशेषज्ञ

क) प्रा. शि. - सबै विषय ख) नि.मा. शि. - सम्बन्धित विषय ग ) मा.शि. - सम्बन्धित विषय घ) मा.शि. द्वि. सम्बन्धित विषय

२. शैक्षिक योग्यता :

क) सि.न. १ (क) को लागि शिक्षा शास्त्रमा स्नातक तह वा सो सरह उतीर्ण गरी कम्तिमा प्राथमिक तृतीय श्रेणीमा ५ वर्ष अनुभव सहितको स्थायी कार्यरत वा सेवा निवृत शिक्षक ।

ख) सि.नं. १ (ख) को लागि शिक्षा शास्त्रमा स्नातक तह वा सो सरह उतीर्ण गरी सम्बन्धित विषयमा कम्तिमा नि.मा.वि. श्रेणीमा ५ वर्ष अनुभव सहितको स्थायी कार्यरत वा सेवा निवृत शिक्षक ।

ग) सि.नं. १ (ग) को लागि सम्बन्धित विषयमा स्नातकोत्तर तह वा सो सरह उत्तीर्ण गरी सम्बन्धित विषयमा कम्तिमा मा.वि. तृतीय श्रेणीमा ५ वर्ष अनुभव सहितको स्थायी कार्यरत वा सेवा निवृत शिक्षक ।

घ) सि.नं. १ (घ) को लागि सम्बन्धित विषयमा स्नातकोत्तर तह वा सो सरह उतीर्ण गरी सम्बन्धित विषयमा कम्तिमा मा.वि. द्वि. श्रेणीमा ३ वर्षको अनुभव सहितको स्थायी कार्यरत वा सेवा निवृत शिक्षक|

३. आवश्यक कागजातहरु :

क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि ख) शैक्षिक योग्यताका प्रमाणपत्रको प्रतिलिपिहरु

ग) स्थायी अध्यापन अनुमतिपत्रको प्रतिलिपि घ) स्थायी नियुक्ति तथा बढुवा पत्रका प्रतिलिपिहरु

४. कुनै पनि उम्मेदवारले दरखास्त दिँदा आफ्नो शैक्षिक योग्यतामा उल्लेखित मुख्य विषय तथा नियुक्ति पत्रमा उल्लेखित विषय बाहेक अन्य विषयमा विषय विशेषज्ञको लागि आवेदन दिन पाउने छैन ।

५. शैक्षिक योग्यता र तालिमको हकमा माथिल्लो तह वा श्रेणीको अनुभवलाई तल्लो तहको योग्यता तालिम र कार्य अनुभवमा गणना गरिनेछ ।

६. मा.शि.द्वि. ( उ.मा. अनुदान, प्राविधिक धारको मा.शि.द्वि. प्रशिक्षक, मा.शि.द्वि प्रशिक्षक, मा.शि.द्वि. शिक्षक र मा.शि.तृ.प्राविधिक विषयका शिक्षक) हरुको विषय विशेषज्ञ हुनको लागि स्थायी अध्यापन अनुमतिपत्र र स्थायी कार्यरत अनुभव आवश्यक पर्ने छैन ।

७. आवेदन फारमको लागि यस कार्यालयको website:http://www.parshurammun.gov.np बाट डाउनलोड गर्न र परशुराम नगरपालिका शिक्षा शाखामा सम्पर्क राख्न सकिनेछ ।

शिक्षा अधिकृत

( पुनश्च विषय विशेषज्ञको रुपमा सूचीमा सूचीकृत हुनका लागि इच्छुक प्रत्येक व्यक्तिले आयोगले निर्धारण गरेको पाठ्यक्रम अनुसारका सम्बन्धित तह तथा विषयको २/२ सेट उत्तरकुञ्जिका सहितको प्रश्नपत्र ( सामान्य र विषयगत परीक्षाको ) निवेदनको साथ यस नगरपालिकामा पेस गर्नु पर्नेछ । यदि तोकिए बमोजिमको कागजात पेस नगर्नेहरुलाई विषय विशेषज्ञको रुपमा सूचीमा सूचीकृत गर्न बाध्य नहुने जानकारी गरिन्छ ।)

बोधार्थ:

श्री सूचना प्रविधि शाखा; ( यो सूचना नगरपालिकाको website मा upload गरिदिनुहुन ।

लक्ष्मी बिष्ट
शिक्षा अधिकृत

शिक्षा अधिकृत